25 जुलाई 2024

National News

<u>मुख्य समाचार</u>

- महाराष्ट्रमा सबैभन्दा बढी विकास राष्ट्रिय लोकतान्त्रिक गठबन्धनको शासनकालमा भएको;सुनील तटकरेको भनाई।
- सरकारले बजेटमार्फत समाजका सबै वर्गलाई आक्रोशित गरेको AAP का श्री राघव चड्डाको आरोप
- राष्ट्रपतिले आफ्नो 2 वर्षको कार्यकाल पुरा भएको अवसरमा विद्यार्थीहरुसँग गर्नुभयो भेट
- प्रधानमन्त्रीले भोली विश्वकै सबैभन्दा अग्लो सुरुङको उद्घाटन गर्नुहुने।
- श्री अश्विनी वैष्णवले भिडियो कन्फरेन्समार्फत भारतको 500 औँ सामुदायिक रेडियो स्टेशनको गर्नुभयो उद्घाटन ।
- बंगलादेशमा भएको विरोध प्रदर्शनका बीच हालसम्म 6 हजार 7 सयभन्दा बढी भारतीय विद्यार्थी स्वदेश फर्किए

<u>आफ्नो राज्य महाराष्ट्रमा सबैभन्दा बढी विकास राष्ट्रिय लोकतान्त्रिक गठबन्धनको शासनकालमा भएको;सुनील तटकरेको भनाई।</u>

लोकसभा संसदमा आज पनि बजेटमाथिको छलफल सुरु भएको थियो । छलफलमा भाग लिँदै कांग्रेसका श्री चरणजितसिंह चान्नीले बजेटले जनतालाई निराश बनाएको बताउनु भयो। उहाले डा. भीमराव अम्बेडकरको शालिक संसद भवनमा सारिएकोमा प्रश्न पनि उठाउनु भएको छ। यस बजेटमा पञ्जाबलाई पक्षपात गरेको भन्दै श्री चान्नीले बाढी प्रभावित पञ्जाबका जनताका लागि बजेटमा केही नभइएको बताउनुभयो । श्री चान्नीको यस्तो टिप्पणीले कांग्रेस सांसदहरू र सत्तारूढ दलका सदस्यहरूबीच सदनमा चर्को बहस पनि भयो। बजेटमा पक्षपातको आरोपको खण्डन गर्दै राष्ट्रवादी कांग्रेस पार्टीका श्री सुनील तटकरेले आफ्नो राज्य महाराष्ट्रमा सबैभन्दा बढी विकास राष्ट्रिय लोकतान्त्रिक गठबन्धनको शासनकालमा भएको बताउनु भयो। तृणमूल कांग्रेसका श्री सौगता रोयले हालको समयमा सबैभन्दा यो विभाजित बजेट रहेको आरोप लगाउँदै कांग्रेसको घोषणापत्रबाटै बजेटका धेरै विशेषताहरु लिएको बताउनुभयो । विद्यार्थीहरूको लागि शिक्षा ऋण योजना पश्चिम बंगाल सरकारको योजनाको प्रतिलिपि रहेको उहाँले थप बताउनु भयो।

सरकारले बजेटमार्फत समाजका सबै वर्गलाई आक्रोशित गरेको AAP का श्री राघव चड्डाको आरोप

आज राज्यसभामा केन्द्रीय बजेट 2024-25 र जम्मू कश्मीरको केन्द्र शासित प्रदेशको बजेट 2024-25 मा फेरि छलफल सुरु भएको थियो। छलफलमा भाग लिँदै कांग्रेसका श्री रणदीपसिंह सुरजेवालाले किसान, गरिब र बेरोजगारीको मुद्दा उठाउनु भएको थियो । उहाले कृषकको ऋण मिनाहा गर्ने बजेटमा कुनै व्यवस्था नगरिएको पनि बताउनुभयो । उहाले सरकारले कृषकलाई खाद्यान्नको उचित समर्थन मूल्य नदिइरहेको समेत बताउनुभयो। आम आदमी पार्टीका श्री राघव चड्डाले सरकारले बजेटमार्फत समाजका सबै वर्गलाई आक्रोशित गरेको आरोप लगाउनु भयो । उहाले मुद्रास्फीति र बेरोजगारीको समस्या पनि उठाउनु भएको थियो। बिजु जनता दलका श्री देवाशिष सामन्त्रेले बजेटमा देशको क्षेत्रीय आकांक्षालाई बेवास्ता गरिएको आरोप लगाउनु भयो। उहाले बजेटमा ओडिशालाई केही नदिएको आरोप पनि लगाउनुभयो । उहाँले भन्नुभयो ओडिशा, पश्चिम बंगाल र झारखण्ड जस्ता राज्यहरूलाई बेवास्ता गर्दै बजेटमा केवल दुईवटा राज्यलाई मात्रै खुसी बनाउने काम भै रहेको छ। राष्ट्रिय जनता दलका श्री सञ्जय यादवले बजेटलाई गरिब विरोधी भएको बताउनुभएको छ। उहाले भन्नुभयो बजेटमा रोजगारी र किसानका लागि ठोस व्यवस्था नभएको बताउँदै विश्वकै पाँचौं ठूलो अर्थतन्त्र भए पनि प्रतिव्यक्ति आयको हिसाबले भारत एक सय सन्तानब्बै वटा देशमध्ये 142 औँ स्थानमा छ । तृणमूलका श्री समीरुल इस्लामले पनि यस बजेटबाट असन्तुष्टि व्यक्त गर्नुभयो। भाजपा सांसद श्रीमती मेधा कुलकर्णीले बजेटको प्रशंसा गर्दै अर्थमन्त्री श्रीमती निर्मला सीतारामनले महाराष्ट्रका लागि पर्याप्त व्यवस्था गरेको बताउनु भयो। नागपुरमा नाग नदी र पुणेको मुलता-मुथा नदीको सफाइका लागि गरिएको बजेटको उल्लेख गर्दै उहाले 2014 देखि प्रधानमन्त्रीले गंगा नदीको सरसफाईका लागि मात्रै नभएर अन्य नदीहरूको सफाइका लागि पनि प्रभावकारी कदम चालेका बताउनुभयो।

राष्ट्रपतिले आफ्नो 2 वर्षको कार्यकाल पुरा भएको अवसरमा विद्यार्थीहरुसँग गर्नुभयो भेट

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले आज नयाँ दिल्लीस्थित राष्ट्रपति भवनमा डा राजेन्द्र प्रसाद केन्द्रीय विद्यालयका कक्षा 9 का विद्यार्थीहरूलाई आफ्नो कार्यकालको दुई वर्ष पूरा भएको अवसर पारेर भेट गरि पढाउनुभएको छ । विद्यार्थीसँगको अन्तरक्रियामा उहाले आधुनिक युगका विभिन्न समस्याका बारेमा चर्चा गर्नुभयो । जलवायु परिवर्तन र ग्लोबल वार्मिङ्ले निम्त्याएका गम्भीर चुनौतीका विषयमा जोड दिँदै राष्ट्रपतिले वातावरण संरक्षणका लागि रिड्युस, रियुज र रिसायकल (3- R) को नियम पालना गर्न विद्यार्थीलाई आग्रह पनि गर्नुभयो।

राष्ट्रपतिले विद्यार्थीहरूलाई यी समस्याहरूबारे सचेत गराउन र यस संसारलाई राम्रो ठाउँ बनाउन योगदान दिन पनि आग्रह गर्नुभयो।

<u>प्रधानमन्त्रीले भोली लगभग 15 हजार आठ सय फिटको उचाइमा निर्माण हुने विश्वकै सबैभन्दा अग्लो सुरुङको उद्घाटन गर्ने।</u>

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले 25 औं कारगिल दिवसको अवसरमा भोलि कारगिल युद्ध स्मारकको भ्रमण गर्नुहुने छ। श्री मोदीले सर्वोच्च बलिदान दिने शहीदहरूलाई श्रद्धांजलि पनि अर्पण गर्नुहुने छ। प्रधानमन्त्रीले शिङ्कुन ला सुरुङ परियोजनाको पहिलो विष्फोट पनि गर्नुहुने छ। यो चार किलोमिटरभन्दा लामो ट्वीन ट्यूब सुरुङले leh लाई देशका अन्य भागहरूसँग कुनै पनि परिस्थितिमा जोड्न सक्नेछ। लगभग15 हजार आठ सय फिटको उचाइमा निर्माण हुने यो सुरुङ विश्वकै सबैभन्दा अग्लो सुरुङ हुनेछ। यो सुरुङले सशस्त्र बल र उपकरणको द्रुत र कुशल आवतजावत मात्र होइन लद्दाखलाई आर्थिक र सामाजिक प्रोत्साहन पनि दिनेछ।

<u>श्री अश्विनी वैष्णवले भिडियो कन्फरेन्समार्फत भारतको 500 औँ सामुदायिक रेडियो स्टेशनको गर्नुभयो उद्घाटन।</u>

सूचना एवं प्रसारणमन्त्री श्री अश्विनी वैष्णवले आज सूचना तथा प्रसारण राज्यमन्त्री डा एल. मुरुगन र मिजोरमका मुख्यमन्त्री श्री लाल दुहोमाको उपस्थितिमा भिडियो कन्फरेन्समार्फत भारतको 500 औँ सामुदायिक रेडियो स्टेशनको उद्घाटन गर्नुभएको छ। स्टेशन, अपना रेडियो 90 दशमलव शुन्य एफएम भारतीय जनसञ्चार संस्थान, आइजवल द्वारा संचालित एक स्टेशन हो। यस अवसरमा बोल्दै श्री वैष्णवले यो पहलले "अपना रेडियो स्टेशन"को कभरेज क्षेत्रका जनताको जीवनमा महत्वपूर्ण परिवर्तन ल्याउने बताउनुभयो। आफ्नो सम्बोधनमा डा. मुरुगनले यस्ता स्टेसनहरूको सामाजिक लाभकारी प्रकृतिबारे प्रकाश पार्दै सूचना सञ्चारको प्रतिबद्धताका कारण सामुदायिक रेडियो स्टेशनहरू स्थापना भएको बताउनुभयो।श्री वैष्णवले 10 औं राष्ट्रिय सामुदायिक रेडियो अवार्डका विजेताहरूको नाम पनि घोषणा गर्नुभएको थियो।

## बंगलादेशमा भएको विरोध प्रदर्शनका बीच हालसम्म 6 हजार 7 सयभन्दा बढी भारतीय विद्यार्थी स्वदेश फर्किए

बंगलादेशमा भएको विरोध प्रदर्शनका बीच हालसम्म 6 हजार 7 सयभन्दा बढी भारतीय विद्यार्थी स्वदेश फर्किएको सरकारले जनाएको छ । आज नयाँ दिल्लीमा पत्रकारहरूलाई सम्बोधन गर्दै विदेश मन्त्रालयका प्रवक्ता श्री रणधीर जैसवालले भारतले बंगलादेश सरकारबाट पूर्ण सहयोग प्राप्त गरेको बताउनुभयो। ढाकास्थित भारतीय उच्चायोगले विद्यार्थीलाई सीमा पार गर्न वा सुरक्षित रूपमा विमानस्थल पुग्ने सम्पूर्ण व्यवस्था मिलाएको पनि उहाले बताउनु भयो। यस्ता हेल्पलाइन सेवाले विद्यार्थीलाई सहयोग गर्न चौबीसै घण्टा काम गरिरहेको उहाले थप बताउनु भयो । श्री जैसवालले बंगलादेशको अवस्था छिट्टै सामान्य हुने विषयमा विश्वास व्यक्त गर्नुभएको छ।